"जलस्रोत, पर्यटन र जडीबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फोन नं:- ०४९-४१०१०९
www.bigumun.gov.np
bigumun@gmail.com
info@bigumun.gov.np
लादुक, बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या/**Ref. No**:- २०८३/८४ लादुक, दोलखा मितिः२०८३/०५/०१

बिषयः खस आर्यको थर सूचिकरण सम्बन्धमा ।

राष्ट्रिय समावेशी आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार सूचीकरणका लागि नेपाल सरकारलाई सिफारिस गरिएका निम्न उल्लिखित खस आर्यका ६६७ थरहरुमा आफ्नो थर छुटको भएमा सुचिकृत गर्नका लागि उक्त सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सिफारिस गर्ने सम्बन्धी राष्ट्रिय समावेशी आयोगको पत्र प्राप्त भई यसै साथ संलग्न गरी सूचना प्रकाशन गरिएको छ।

उक्त थरहरु वाहेक सूचिकरणमा नपरेका खस आर्य जातीका अन्य थरहरु भए सूचिकरणका लागि विगु गाउंपालिका मार्फत सिफारिस गरि पठाउनु पर्ने भएकोले खस आर्यका थरहरुमा आफ्नो थर छुटको भए मिति २०८३ भदौ ११ गते भित्र निवेदकको थर खुल्ने गरी नागरिकताको प्रतिलिपि सहित विगु गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

श्याम कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

मिति २०८३-०४-२१

ने.स ११४६

## सूचना!!! सूचना!! सूचना!

यस राष्ट्रिय समावेशी आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार सूचीकरणका लागि नेपाल सरकारलाई सिफारिस गरिएका खस आर्यका ६६७ थरहरूमा आफ्नो थर छुटेको भनी विभिन्न व्यक्तिहरूबाट गुनासाहरू आईरहेको हुँदा उक्त सूचीकरणमा छुटेका खस आर्यका थर समावेश गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सूचीकरणका लागि समावेश गर्नु पर्ने थर खस आर्यको कुन जातमा पर्ने हो सो समेत खुलाई सम्बन्धित स्थानीय तहको सिफारिस सहित यस आयोगमा निवेदन (E-mail वा हुलाक मार्फत) दिनु हुन आयोगको मिति २०८३/०४/२१ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। निवेदन साथ संलग्न गर्नु पर्ने कागजात निम्न बमोजिम छन् :-

१) निवेदकको थर खुल्नेगरी नागरिकताको प्रतिलिपि

२) स्थानीय तहको सिफारिस (जात र थर स्पष्ट खुल्ने गरी)।

**स्पष्टिकरणः** खस आर्य भनेको ब्राम्ह्याण, क्षेत्री, ठकुरी, सन्यासी,(दसनामी र बाह्रपन्थी) र रानाभाट बुझिन्छ।

**नोट :-** आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार खस आर्य थर सूचीकरणको सूची राष्ट्रिय समावेशी आयोगको वेभसाइट(**www.ninc.gov.np**)मा राखिएको छ। आयोगको आधिकारिक ईमेल ठेगाना **info@ninc.gov.np**

08/21